शान्ति र समृद्धिको संवाहक...

# गौतमबुद्ध सन्देश

www.gautambuddhasandesh.com

राष्ट्रिय दैनिक

वर्ष: १० | अङ्क : ११३ | २०८१ भदौ १८ गते मङ्गलबार | 3 Sep. 2024, Tuesday | पृष्ठ सङ्ख्या : ४ | मूल्य रु.: ५-

## पुल भाँचिएपछि विद्यार्थी मारमा विद्यालय पुग्न समस्या

**हृदयराम गुप्ता**

मर्चवार, १७ भदौ ।



रुपन्देहीको दक्षिणी क्षेत्र मर्चवार अन्तर्गत कोटहीमाई गाउँपालिका वडा नम्बर ४ की प्रतिभा चौधरी गुणस्तरीय शिक्षा पाउने आशाले आफ्नो घरबाट पाँच किलोमिटर टाढा रहेको मर्चवारी गाउँपालिका-६ स्थित श्री ठर्की माध्यमिक विद्यालय जाने गरेकी छिन् । उनको गाउँमै विद्यालय छ । तर, गाउँमा रहेको विद्यालय भन्दा ठर्की माविमा राम्रो पढाइ हुन्छ भन्दै चौधरी पैदलै हिंडेर विद्यालय पुग्छिन् ।

विद्यालय जाने बाटोमा निर्माण भएको सानो पुल भाँचिदा विद्यालय पुग्न समस्याको सामना गर्नुको साथै ढिला पनि हुने गरेको उनको गुनासो छ । हाल कक्षा १० अध्ययनरत चौधरी भन्छिन्, 'विद्यालयको समयमा धेरै विद्यार्थीहरु यही बाटो प्रयोग गर्छन् । त्यसैले एकैपटक यहाँ जाम हुन्छ, अर्को बाटो प्रयोग गर्दा निकै ढिला हुन्छ । कि जाममा केहीबेर कुर्नुपर्छ कि त हिलाम्य बाटोको प्रयोग गर्नुपर्छ । पुल भाँचिएपछि जुत्ता लगाउन पाइएको छैन सधै चप्पल लगाएर विद्यालय आउनुपरेको छ ।'

विद्यालय पुग्न निर्माण गरिएको सडकमा पर्ने एकजना जग्गाधनीको सहमति नहुँदा फराकिलो सडक निर्माण हुन सकेन । सडक निर्माण नहुँदा विद्यालय पुग्न कामचलाउ पुल निर्माण गरी आवतजावत भइरहेको थियो । तर, मंगलबार अज्ञात व्यक्तिहरुले उक्त पुल भत्काइदिएपछि अहिले विद्यालय आउने-जाने १ हजार भन्दा बढी विद्यार्थीहरु मारमा परेका छन् ।

सोही विद्यालयकामा अध्ययनरत खुलाब कुमार खटिक भन्छन्, 'कहिले हिलाम्य सडकको प्रयोग त कहिले विद्यालयमा समयमै पुग्न समस्या भएको छ । अज्ञात व्यक्तिहरुले पुल भाँचेपछि विद्यालय समयमा एकैपटक विद्यार्थीहरुको चाप बढी भएकोले मर्कामा परेका छौं । '

यस्ता समस्या उक्त बाटो प्रयोग गर्ने हरेक विद्यार्थी तथा शिक्षकहरुले सामना गर्नुपरेको छ । अज्ञात ब्यक्तिहरुले पुल भाँचिदिएपछि अहिले विद्यार्थीहरु खेतको आलीको बाटो प्रयोग गर्न बाध्य छन् । अहिले वर्षाको समय भएकाले खेतमा पानी भरिएको छ । खेतको आली हिलाम्य छ ।

विद्यालय पुग्न बाटोको रुपमा आली प्रयोग गरिएको थियो तर, एकजनाबाहेक अन्य किसानहरुको सहमतिमा १० फिटको बाटो निर्माण गरी पीसीसी ढलान गरिएको थियो । तर, बीचमा अधुरो रहेको ठाउँमा आली जतिको फराकिलो पुल निर्माण भएपछि विद्यार्थीहरुलाई विद्यालय पुग्न सहज भएको थियो ।

'गोरेटो बाटोलाई विभिन्न निकायमा पहल गरी फराकिलो बनाई पिसीसी निर्माण गरी विद्यार्थी तथा शिक्षकलाई आवतजावतमा सहज भएको थियो, 'विद्यालयका प्रधानाध्यापक बलिराम यादवले भने । खेतको पानी बग्ने ठाउँमा विद्यालयको लागतमा २०६७ सालमा निर्माण गरिएको सानो पुललाई अज्ञात समुहले भाँचेपछि सबैलाई समस्या भएको उनले बताए ।

पुलको ठाउँमा ह्युमपाइप राखेर व्यवस्थित बनाउन खोजिए पनि उक्त क्षेत्रमा जग्गा रहेको जग्गाधनीले नमानेपछि अहिले ह्यूमपाइप सोही ठाउँमा राखिएको छ । पुल भाँचिएपछि साना विद्यार्थीहरु विद्यालय आउन छोडेको भन्दै प्रधानाध्यापक यादवले चिन्ता व्यक्ति गरे । घटनाबारे प्रहरीलाई जानकारी गराइएको भन्दै उनले सम्बन्धित सरोकारवालाहरु पुल निर्माणमा सहयोग गर्नुपर्ने उनको आग्रह छ ।

## सिद्धार्थनगरमा अटो, टेम्पो र इ-रिक्सा संचालनका लागि मापदण्ड तय



भैरहवा- सिद्धार्थनगर नगरपालिका क्षेत्रमा अटो, टेम्पो तथा इ-रिक्सा संचालनलाई व्यवस्थित बनाउन मापदण्ड तय गरिएको छ । जिल्ला प्रशासन कार्यालय, रुपन्देहीको समन्वयमा सोमबार भैरहवामा बसेको सर्वपक्षीय बैठकले सिद्धार्थनगर क्षेत्रमा अटो, टेम्पो तथा इ-रिक्सा संचालनलाई व्यवस्थित बनाउन मापदण्डसहित साझा नीति तय गर्ने सहमती भएको प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले जानकारी दिए ।

उनका अनुसार जनप्रतिनिधि, सुरक्षा अधिकारी, चालक, व्यवसायीसहितको सरोकारवालाको संयुक्त बैठकले गरेका निर्णय कार्यान्वयनका लागि नगरपालिकाले कार्यविधि तय गर्ने । त्यसपछि निर्णय कार्यान्वयन हुनेछ । यी सवारी दर्ताका लागि सम्बन्धित व्यवसायीसँग ब्लुबुक, सवारीचालक अनुमतीपत्र र बिमालाई अनिबार्य गरिने भएको छ ।

गैरनेपाली नागरिक र नगरपालिकामा दर्ता नभएका अटो, टेम्पो तथा इ-रिक्सा संचालन गर्न प्रतिबन्ध लगाइने भएको छ । नगरमा तत्कालका लागि ५ सयको संख्यामा मात्र अटो, टेम्पो तथा इ-रिक्सा संचालनका लागि दर्ता अनुमती दिइने निर्णय गरिएको छ ।

'ब्लुबुक, सवारीचालक अनुमतीपत्र, बिमा, नेपाली नागरिक र नगरपालिकामा दर्ता हुनु पर्ने प्रावधानलाई अनिबार्य गरिएको छ', अर्यालले भने, 'यी निर्णय नगरपालिकाको अग्रसरतामा अब कार्यान्वयनमा लगिने छ ।'

स्थलमार्ग हुँदै भारत र तेस्रो मुलुकबाट सर्वाधिक पर्यटक नेपाल भित्रिने मुख्य नाका सिद्धार्थनगरमा संचालनमा रहेका अटो, टेम्पो तथा इ-रिक्सा अनियन्त्रित र अव्यवस्थित भएको गुनासो चौतर्फी रुपमा आउन थालेपछि व्यवस्थापनका लागि सरोकारवाला निकायसहितको सर्वपक्षीय बैठक बसेको सिद्धार्थनगर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जनक थापाले बताए ।


'नगर भित्रका सडकको क्षमता, स्थानीय नगरवासीको आवश्यकता र औचित्यको आधारमामात्र अटो, टेम्पो तथा इ-रिक्सा संचालन गर्न पाइने नियम नगरपालिकाले ल्याउने छ', थापाले भने, 'यसका लागि २०७८ मा बनेको यस सम्बन्धि कार्यबिधि संशोधन र परिमार्जन गरिने छ ।'

▶▶ बाँकी पृष्ठ ४ मा...

## समृद्धि, विकास र सुशासनमा पार्टी पंक्तिको दायित्व बढ्यो : मुख्यमन्त्री आचार्य

**गौतमबुद्ध सन्देश**

बर्दिया, १७ भदौ ।




लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले समृद्धि, विकास र सुशासनमा पार्टी पंक्तिको दायित्व बढेर गएको बताएका छन् । नेकपा (एमाले) बर्दिया जिल्ला कमिटीले ठाकुरद्वारामा आयोजना गरेको पार्टी प्रशिक्षण कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले यस्तो बताएका हुन् । उनले जनप्रतिधिनिले अघि बढाएका नविनतम नीति, कार्यक्रम र योजनालाई पार्टीले संस्थागत रुपमा साथ दिनुपर्ने, जनप्रतिनिधि र पार्टी पंक्ति चुनावमा भएको जस्तै सहकार्य, समन्वय हुन जरुरी रहेको धारणा राखे । 'जनतासँग संवाद गरेर सरकारको नीतिहरू र योजनाबारे जानकारी दिने काम पार्टीपंक्तिको हुन जान्छ'एमाले केन्द्रिय सदस्य समेत रहेका आचार्यले भने,'जनताका समस्याहरू बुझ्न र समाधान गर्ने प्रयासमा सरकारलाई सहयोग समेत गर्नुपर्छ ।'

मुख्यमन्त्री आचार्यले सरकारले गरेका राम्रा अभ्यासहरुको खुलेर प्रचारप्रसार गर्न निर्देशन दिए । साथै उनले सरकारले बनाएका नीति र योजना सुधारका लागि समेत सुझाव दिन समेत आह्वान गरे ।

सरकारले निर्माण गरेका नवितम विचार र सोंचलाई नागरिक तहमा पुर्याउन, सरकारी सेवामा नागरिकहरुको पहुँच बढाउन पार्टीपंक्तिबाट समेत भूमिका खेल्न आग्रह गरे । लुम्बिनी प्रदेश सरकारले सुशासन, पारदर्शीता, जवाफदेहीताका साथै नागरिकको विश्वास जित्ने गरी काम थालेको स्पष्ट पारे । पूर्व विशिष्ट व्यक्तिहरुले पाउँदै आएको सुविधाहरु खारेज गर्ने, मुख्यमन्त्री र मन्त्रीहरुलाई आचारसंहिताको दायराभित्र राख्ने, पाँच लाखभन्दा माथिका योजनालाई प्रतिष्पर्धाको माध्यमबाट कार्यान्वयनमा लैजाने विषय सुशासनसँग जोडिएको भन्दै नागरिकहरुको विश्वास जित्ने गरी प्रदेश सरकारले काम अघि बढाएको उनले बताए ।

प्रदेश सरकार गठन भएको छोटो अवधनीमा नै उपलब्धीहरु देखिएको तर, यसको प्रचारप्रसार हुन नसक्दा नागरिकहरुमा निराशा बढेको जस्तो देखिएको उनले टिप्पणी गरे । लुम्बिनी प्रदेशमा आर्थिक वर्ष २०७५/७६ मा बहुआयामिक गरीबीको दर ३० प्रतिशत रहेकोमा हाल १८ प्रतिशतमा झरेको, बेरोजगारीको दर ११ प्रतिशतबाट घटेर ८ प्रतिशत पुगेको, ५ वर्षमुनीको बाल मृत्युदर प्रतिहजार ४५ रहेकोमा हाल ३३ र नवजात शिशु मृत्युदर प्रतिहजार ३० रहेकोमा हाल २१ मा सीमित भएको उनले जानकारी दिए । त्यस्तै माध्यमिक तह (कक्षा ९-१२) को कुल भर्नादर ७५ प्रतिशतबाट बढेर ८४ प्रतिशत र खुद भर्नादर ४० प्रतिशतबाट ५७ प्रतिशतमा वृद्धि भएको, प्रदेश ऐन बमोजिम लुम्बिनी प्राविधिक विश्वविद्यालय स्थापना भई सञ्चालन भइरहेको मुख्यमन्त्री आचार्यले जानकारी दिए ।

बाह्रै महिना सिंचित हुने भूमि २४ प्रतिशतबाट ३५ प्रतिशत पुगेको, लुम्बिनी प्रदेश माछामासु र दुध उत्पादनमा आत्मनिर्भर भई अन्य प्रदेशमा समेत आपूर्ति भइरहेको, कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक क्षेत्रको योगदान १४ प्रतिशत पुगेको समेत उनले जानकारी दिए । २०७५ सालमा सडकको लम्बाई ११ हजार २३३ किलोमिटर रहेकोमा हाल १५ हजार ७६ पुगेको, ३० मिनेटको दुरीमा पक्की सडकमा पहुँच भएको जनसंख्या ५० प्रतिशतबाट ६५ प्रतिशत पुगेको, १०९ मध्ये १०८ पालिकामा बाह्रै महिना पहुँचयोग्य सडक निर्माण भएको उनले जानकारी दिए ।

उनले विद्युतमा पहुँच पुगेको जनसंख्या ८१ प्रतिशतबाट ९८ प्रतिशत पुगेको, इन्टरनेटमा पहुँच भएको घरपरिवार ४९ प्रतिशतबाट ७६ प्रतिशत पुगे समेत प्रशिक्षणको क्रममा जानकारी दिए । योजनाबद्ध विकासका माध्यमबाट लुम्बिनी प्रदेशमा कृषि, पर्यटन र उद्योग क्षेत्रमा सुधार हुँदै बताउँदै उनले महिला सहभागीता र सशक्तिकरण, सामाजिक समावेशीकरण, मानव संसाधन विकास लगायतका क्षेत्रमा सकारात्मक उपलब्धि हासिल भएको उल्लेख गरे ।

# सम्पादकीय

## अपराधको पराकाष्टा

कोटहीमाई गाउँपालिकाको मझगावाँमा एक किशोरी बलात्कृत भएकी छन् । बलात्कारमा संलग्न गाउँपालिकाका प्राविधिक सहायक र उद्यम विकास सहजकर्ता तथा वडाध्यक्षका छोरा पक्राउ परेर प्रहरी हिराशतमा छन् । जागिर र तालिमको प्रलोभनमा १२ कक्षामा अध्ययनरत किशोरीलाई होटलमा लगेर सामुहिक बलात्कार गरेको घटना विवरण सार्वजनिक भए लगत्तै स्थानीयले उक्त घटनामा संलग्न भनिएकाहरुलाई समातेर कुटपीट गरेका थिए । प्रहरीले गाउँलेको नियन्त्रणमा रहेका तीनै जनामाथि म्याद थपेर प्रहरीले अनुसन्धान अगाडि बढाएको छ । मर्चवारमा भएको सामुहिक बलात्कार काण्ड अत्यन्त दुःखद छ । अझ स्थानीय सरकारको रुपमा रहेको गाउँपालिकाका कर्मचारी नै आर्थिक रुपमा पछाडि रहेकी किशोरीलाई प्रलोभनमा पारेर बलात्कार गर्नु अत्यन्त निन्दनीय छ । रक्षकबाटै भएको यो अपराध अक्षम्य छ ।

शिक्षा र प्रविधिको विकाससँगै समाज सुधार पनि हुनुपर्छ । समाज सुधार हुनु भनेको समाजमा बस्ने मानिसमा अनुशासन, नैतिकता र इमान्दारिता हुनु हो । तर समाजका मानिसमा अपराधिक मानसिकता बढ्नु विकृतिको उपज हो । पछिल्ला दिनहरुमा बलात्कार, महिला हिंसाका घटना बढ्दो छ । कानुनी रुपमा दण्डनीय भएपनि यस्ता कुकर्म गर्नेहरुको आत्मबल घट्नुको सट्टा बढीरहेको छ । बलात्कारमा संलग्न अपराधीलाई मृत्युदण्ड समेत दिनुपर्ने आवाज उठ्दै आएको भएपनि मानव अधिकारलाई जोडेर त्यसलाई राज्यले नकार्दै आएको छ । मृत्युदण्डको ब्यवस्था नेपालको कानुनमा छैन । जतिसुकै जघन्य अपराध गरेको भएपनि अधिकतम २० बर्ष कैद हुने ब्यवस्था छ । अझ रातको समय घटाउँदा जेल बस्नुपर्ने अवधि १०-१२ बर्षमा सीमित हुन्छ । यसैकारण पनि मानिसमा बलात्कारको भावना जागृत हुन्छ र अरुको जीवन मात्र होइन भविष्यसँगै खेलवाड गर्न पुग्छन् । अझ यस्ता अपराधमा राजनीतिक हस्तक्षेप हुने, अनुसन्धान अधिकारीहरु लोभ लालचमा फस्ने र पीडितले न्याय नपाउने अवस्था पनि छ । मर्चवार घटनामा त्यस्तो हुन नपाओस् । गरीवी र बेरोजगारीसँग जुधिरहेकी एक किशोरीलाई तीलम तथा रोजगारीको प्रलोभन देखाएर होटलमा लगेर तीन जनाले बलात्कार गर्नु अपराधिक मानसिकताको पराकाष्टा हो । यस्ता अपराधीको जति नै निन्दा गरेपनि कमै हुन्छ । प्रहरीले कतैबाट प्रेरित नभइ निष्पक्ष अनुसन्धान गरी प्रमाण जुटाओस् र अदालतले पनि निष्पक्ष न्याय दिन सकोस् । यदाकदा न्यायालयले पनि भरोसा जगाउन छाडेको अवस्थामा यो घटनामा त्यस्तो नदोहोरियोस्, न्याय मरेको छैन भन्ने आशा समाजमा जगाउन सकोस् ।

# प्राविधिक शिक्षामा विद्यार्थीको आकर्षण



● अच्युतराज दाहाल

**कक्षाकोठा, पाठ्यक्रम, शिक्षक र विद्यार्थी भएर मात्र हुँदैन, यसको दायरा बढाउनु पर्छ भन्ने धारणा साधारण शिक्षामा त लागु भइसकेको अवस्थामा प्राविधिक शिक्षा कक्षाकोठामा प्रशिक्षकले सैद्धान्तिक ज्ञान दिने मात्र हो भन्ने बुझ्नु सरासर गलत हो । प्राविधिक शिक्षालय सञ्चालन गर्नुभन्दा अघि विद्यार्थीलाई न्याय गर्न सकिन्छ या सकिँदैन भन्नेबारेमा सञ्चालकले ध्यान दिनु पर्छ । पूर्वाधारबिना शिक्षालय सञ्चालन गर्नु भनेको विद्यार्थीको भविष्य नै अन्योल बनाउनु हो ।**

शिक्षा मन्त्रालय अन्तर्गत प्राविधिक शिक्षा निर्देशनालय र तत्पश्चात २०४५ सालको सिटिइभिटी ऐनबाट स्थापना भएको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गत रहेका आङ्गिक, टेक्स अर्थात् सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम, साझेदारी अर्थात् गैरनाफामूलक प्रतिष्ठान, ट्रस्ट तथा पालिकाहरूसँग साझेदारीमा सञ्चालित शिक्षालय र निजी प्राविधिक शिक्षालयमा विगतमा विद्यार्थीको भर्नाका लागि निकै प्रतिस्पर्धा हुने तथ्याङ्कले देखाउँछ तर केही समय यता खस्कँदै गएको विद्यार्थी भर्ना दर यो शैक्षिक सत्रमा आएर निकै लज्जास्पद भएको छ । अर्थात् देशैभरका प्राविधिक शिक्षालयमा विद्यार्थीको भर्ना दर अत्यन्त न्यून छ । कतिपय शिक्षालय विद्यार्थी नभएर बन्द हुने अवस्थामा पुगेका छन् । यो प्राविधिक शिक्षाका लागि निकै दुःखदायी कुरा हो ।

'सिपयुक्त नेपाल तथा समृद्ध नेपाली, सिप हुन्छ हातमा रोजगारी साथमा' जस्ता पवित्र नारा लिएर रणनीतिक रूपमा अगाडि बढिरहेको एक संस्था, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्कै प्रतिनिधि हुन्- यी चारैथरीका शिक्षलायहरू । देशको आर्थिक विकासका लागि आवश्यक धेरै त□वमध्ये एक बलियो र अपरिहार्य तत्व हो सिपयुक्त जनता । धेरैभन्दा धेरै नेपाली जनताको हातमा सिप प्रदान गर्ने उद्देश्यले पछिल्ला पाँच वर्षमा प्राविधिक शिक्षालयको स॰्या उल्लेख्य रूपमा बढेको देखिन्छ । एकातिर शिक्षालयको स॰्या बढिरहँदा अर्कातिर विद्यार्थीको स॰्या भने निरन्तर घटिरहेको छ । शैक्षिक सत्र २०७५/७६ मा ४२८ प्राविधिक शिक्षालयमा ६०३ कार्यक्रम सञ्चालन रहँदा २४,२८२ जना विद्यार्थी अध्ययन गर्दथे । भर्ना हुन र अध्ययन गर्न चाहने विद्यार्थीको ठुलो भिड नै लाग्ने गर्दथ्यो । शैक्षिक सत्र २०८०/८१ मा ७७० शिक्षामा १,३५१ कार्यक्रम सञ्चालनमा रहँदा ३६,१४८ जना विद्यार्थी भर्ना भएको तथ्याङ्क देखिन्छ । प्रतिशतको आँकडाले भन्ने हो भने प्राविधिक शिक्षालयहरू गत पाँच वर्षमा १८० प्रतिशतले वृद्धि भएका छन् । त्यस्तै २२ प्रतिशतले पढाइ हुने कार्यक्रमहरू र १४८ प्रतिशतले भर्ना हुने विद्यार्थीहरूको स॰्यामा वृद्धि भएको देखिन्छ । सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम २०५ प्रतिशतले, निजी स्तरमा सञ्चालित शिक्षालयहरू १४० प्रतिशतले साझेदारीमा सञ्चालित शिक्षालयहरू ११० प्रतिशतले र आङ्गिक शिक्षालयहरू १७१ प्रतिशतले बढेको तथ्याङ्कले देखाउँछ ।

शैक्षिक सत्र २०८१/८२ मा भर्ना हुने क्रम बाँकी रहेको हुँदा पूर्ण आँकडा नआएको भए पनि फाराम भर्ने विद्यार्थीको स॰्या र हालसम्म भर्ना हुने विद्यार्थीको स॰्या हेर्दा प्राविधिक शिक्षातर्फ विद्यार्थीको रुचि यस वर्ष सबैभन्दा धेरै घटेको देखिन्छ ।

विद्यार्थी तथा अभिभावकहरूको रुचि वृद्धि गर्नुका साथै उपलब्धिमूलक प्राविधिक शिक्षा प्रदान गर्न प्राविधिक शिक्षालयमा हुनैपर्ने पाँच त□वहरू अध्ययन गर्नै पर्छ । सम्भवतः हामीले यी पाँच तत्वलाई विचार नगरीकन कार्यक्रम माग्यौं, कार्यक्रम दियौं र सोही अनुसार अध्ययन अध्यापन कार्य पनि अगाडि बढायौं । यसको फलस्वरूप अध्ययनरत विद्यार्थीमा परिणाममुखी प्राविधिक शिक्षाका सपलता प्राप्त हुन सकेन र बिस्तारै अभिभावक तथा विद्यार्थीको बुझाइमा यो शिक्षा समय बढी लाग्ने र झन्झटिलो हुने रहेछ भन्ने मानसिकता बनेको जस्तो देखिन्छ । यसलाई समयमै उचित समाधान गर्न नसक्दा समस्या थप जटिल बन्दै जान्छ । कक्षाकोठा, पाठ्यक्रम, शिक्षक र विद्यार्थी भएर मात्र हुँदैन, यसको दायरा बढाउनु पर्छ भन्ने धारणा साधारण शिक्षामा त लागु भइसकेको अवस्थामा प्राविधिक शिक्षा कक्षा कोठामा प्रशिक्षकले सैद्धान्तिक ज्ञान दिने मात्र हो भन्ने बुझ्नु सरासर गलत हो । प्राविधिक शिक्षालय सञ्चालन गर्नुभन्दा अघि विद्यार्थीलाई न्याय गर्न सकिन्छ या सकिँदैन भन्ने बारेमा सञ्चालकले ध्यान दिनु पर्छ । पूर्वाधारबिना शिक्षालय सञ्चालन गर्नु भनेको विद्यार्थीको भविष्य नै अन्योल बनाउनु हो ।

प्राविधिक शिक्षालयमा सिप सिकाउनु पर्छ । यसका लागि शिक्षालयमा निम्न पाँच त□व अनिवार्य रूपमा हुनै पर्छ- भौतिक पूर्वाधार, भवन, कक्षा कोठा, प्रयोगशाला, पुस्तकालय, खेल मैदान, आदिको उचित व्यवस्थापन । शैक्षिक सामग्री, उपकरण, मेसिन, प्रविधिलगायत विषयको उपलब्धता । तालिम प्राप्त योग्य प्रशिक्षकहरू जसले विद्यार्थीलाई उद्यमशील बनाउनका लागि उत्प्रेरित गर्ने गर्छन् । शिक्षालय भित्र साथै शिक्षालय बाहिर प्रयोगात्मक अभ्यासका पूर्वाधार र ती स्थानमा विद्यार्थीलाई प्रयोगात्मक अभ्यास गर्ने पहुँच को सुनिश्चितता । अध्ययनसँग सम्बन्धित बजार, उद्योग, कलकारखाना आदिको उपलब्धताका साथै विद्यार्थीलाई पढ्नेबित्तिकै कामको अवसर प्रदान गर्ने खालको संरचना निर्माण ।

हाम्रो ठाउँमा बाटो आयो, अब गाडी मर्मतसम्बन्धी अटोमोबाइल पढाइ सुरु गर्नु पर्छ । विद्यालयको बाँझो खेत छ, कृषि कार्यक्रम सुरु गर्नु पर्छ । नजिकै जङ्गलै जङ्गल छ फरेस्ट्री कार्यक्रम सुरु गर्नु पर्छ । यसो भन्नुभन्दा पहिले हामीले माथिका पाँच बुँदा आफ्नो मानसपटलमा राखी एकचोटि आफैँलाई मूल्याङ्कन गरौँ । के हामीसँग कक्षा कोठा छ ? शैक्षिक सामग्री, उपकरण, मेसिन, प्रविधि छ ? तालिम प्राप्त योग्य प्रशिक्षक छन् ? शिक्षालयभित्रका साथै शिक्षालयको नजिकै बाहिर प्रयोगात्मक अभ्यासका लागि आवश्यक पूर्वाधार छ ? अध्ययनपश्चात् रोजगारी तथा स्वरोजगारी हुनका लागि बजार, उद्योग, कलकारखाना, अस्पताल र उद्यमी हुनका लागि पुँजी र सम्भाव्यता अध्ययन छ ? यी प्रश्नको उत्तर सकारात्मक आउन गाह्रो हुने शिक्षालय स्थापना हुनुको परिणाम नै हो हाल प्राविधिक शिक्षालयमा विद्यार्थी घट्नु र प्राविधिक शिक्षाप्रतिको आमबुझाइ नकारात्मक हुँदै जानु ।

कुनै अपवाद जस्तो समुदाय बाहेक आमनेपाली जनमानसमा आफूले दुःख गरेर भए पनि छोराछोरीलाई राम्रो शिक्षा पढाउने प्रवृत्ति नेपाली अभिभावकमा देखिन्छ । दिनभरि हलोकोदालो गरेर आएको बुवाले आफ्नो छोरालाई आज शिक्षालयमा के पढिस् भनेर सोध्नु स्वाभाविक हो ? प्रतिउत्तरमा आज हामीले धान रोप्यौं नाङ्गै हातले, नाङ्गै खुट्टाले भनेको सुन्दा दिनभरि हलो कोदालो गरेको बुवाको मनमा के विचार आउँछ होला ! गम्बुट लगाएर ट्याक्टरले जोतेर मेसिनको सहयोगले आज हामीले कैयौं बिघामा केही घण्टामै धान रोप्यौं भने प्रतिउत्तर छोरोले बुवालाई दियो भने त्यसले अवश्य पनि बुवाको मनस्थितिमा सकारात्मक प्रभाव पार्दछ ।

म आफैंले गाडी किनेको छु । आफैं गाडी चलाउँछु । मैले यसबाट राम्रै आम्दानी गरिरहेको छु । मेरा बच्चाले हजुरहरू जस्तै ड्रेस लगाएर १०-५ को जागिर पाउँदैन भने किन व्यर्थै पढाउनु ! पसलै खोलेर बस्नुपर्ने हो भने म यस्तो विषय पढाउँदिनँ भन्ने मानसिकता भएका अभिभावकलाई स्वरोजगारी तथा उद्यमशीलताको बारेमा जनचेतना फैलाउनु पनि उत्तिकै जरुरी छ । मेरो बच्चा राष्ट्रको उत्पादकत्व वृद्धि गर्ने सेवामा छ भनेर अभिभावकले गर्व गर्ने र विद्यार्थी भाइबहिनी पनि लोक सेवा आयोग मुखी मात्र नभई उत्पादनमुखी व्यवसाय, उत्पादनमुखी रोजगार वा स्वरोजगारी वा उद्यमशील बन्नु पर्छ भन्ने भावना जागृत गराउन जरुरी छ । कामप्रतिको सम्मानलाई जोड्न सकेपछि मात्रै प्राविधिक शिक्षाप्रति विद्यार्थीको धारणा सकारात्मक हुँदै जान्छ । पढ्नु भनेको जागिर खानु मात्रै नभएर कुनै पनि पेसा र व्यवसायमा आधारित सिप हासिल गरेर सोही अनुसार जीवन निर्वाह गर्नु पनि हो ।

(गोरखापत्रबाट)

# आठ दशमलव तीन प्रतिशतले बढे विदेशी पर्यटक



काठमाडौं ।

सन् २०२४ को अगष्टमा विदेशी पर्यटकको आगमन आठ दशमलव तीन प्रतिशतले बढेको छ । नेपाल पर्यटक बोर्डले उपलब्ध गराएको तथ्याङ्कअनुसार सन् २०२३ को अगष्टको तुलनामा यस वर्षको सोही अवधिमा पाँच हजार पाँच सय ६६ पर्यटक बढी नेपाल भित्रिएका हुन् ।

सन् २०२३ को अगष्टमा कुल ६७ हजार १५३ जना पर्यटक आएकामा सन् २०२४ को अगष्टमा ७२ हजार ७१९ जना पर्यटक नेपाल भित्रिएका छन् । अगष्टमा भारतबाट सबैभन्दा बढी २५ हजार ८३२, चीनबाट ६ हजार ६१४, अमेरिकाबाट ५ हजार ६१४, श्रीलङ्काबाट चार हजार ८५१ र बङ्गलादेशबाट तीन हजार ७७ पर्यटक नेपाल आएका छन् ।

बोर्डका अनुसार सन् २०२२ को अगष्टमा ४१ हजार तीन सय चार, सन् २०२१ को अगष्टमा छ हजार ९३ र सन् २०१९ को अगष्टमा ९४ हजार सात सय ४९ जना विदेशी पर्यटक नेपाल आएका थिए ।

# १२७ अंक बढ्यो सेयर बजार



१७ भदौ, काठमाडौं । अघिल्ला केही दिनसम्म उच्च गिरावट देखिएको सेयर बजार सोमबार भने १२७ अंक बढेको छ । सो अंकको वृद्धिपछि नेप्से २८२३ अंकमा कायम भएको छ । कारोबार रकम पनि बढेको छ । अघिल्लो दिन १० अर्ब ५१ करोडको कारोबार भएकोमा सोमबार १३ अर्ब १० करोडको भएको छ । कारोबार सुरु भएको २३ मिनेटमा नेप्से २६७९ अंकसम्म झरेको थियो, जुन सोमबारका लागि न्यूनतम अंक रह्यो ।

सबै क्षेत्रका सूचक बढेका छन् । सबैभन्दा धेरै फाइनान्स समूहको सूचक बढ्यो । बैंकिङ ४.७३, विकास बैंक ४.९९, फाइनान्स ७.९४, होटल तथा पर्यटन ४.९२, हाइड्रोपावर ५.३६, लगानी ५.४५, जीवन बीमा ४.६९, उत्पादन ३.३३, माइक्रोफाइनान्स ३.३३, निर्जीवन बीमा ४.८१, अन्य ४.१४ तथा व्यापार समूह २.८५ प्रतिशत बढे ।

२३९ कम्पनीको मूल्य बढ्दा ५ को घट्यो । यस दिन करिब एक दर्जन कम्पनीको मूल्य १० प्रतिशत बढेको छ । नेसनल हाइड्रोपावर, बेस्ट फाइनान्स, समृद्धि फाइनान्स, प्रोग्रेसिभ फाइनान्स, एनएलजी इन्स्योरेन्स, रिलायन्स फाइनान्स, सुपरमाइ हाइड्रोपावर, दोल्ती पावर, मल्टिपर्पस फाइनान्स, कालिन्चोक दर्शन तथा मोदी इनर्जीको मूल्य १० प्रतिशत बढ्यो । बुटवल पावरको ९.८, जोशी हाइड्रोको ९.७ प्रतिशत मूल्य बढ्यो । माइखोला हाइड्रोपावरको मूल्य सबैभन्दा धेरै ३.५९ प्रतिशत घट्यो । कारोबार रकमका आधारमा गुडविल फाइनान्स, अपी पावर, हिमालयन रिइन्स्योरेन्स, अरुणभ्याली हाइड्रोपावर र नेपाल फाइनान्स क्रमशः अगाडि रहे ।

# भैरहवामा नयाँ पेट्रोलियम भण्डारणका लागि जग्गा व्यवस्थापनको काम अन्तिम चरणमा

भैरहवा । रुपन्देहीको भैरहवामा नयाँ पेट्रोलियम भण्डारण गृह निर्माणका लागि जग्गा व्यवस्थापनको काम अन्तिम चरणमा पुगेको छ। नेपाल आयल निगमले रुपन्देहीको ओमसतिया र रोहिणी गाउँपालिकाको सीमा क्षेत्रस्थित रोहिणी खोला किनारमा करिब १४ बिघा जग्गामा लुम्बिनी प्रदेशस्तरीय इन्धन भण्डारण डिपो निर्माणको तयारी गरिरहेको छ।



पहिलो चरणमा जग्गा व्यवस्थापन र दोस्रो चरणमा भण्डारण ट्याङ्क निर्माण गरिने परियोजना संयोजक इन्जिनियर प्रदीप यादवले जानकारी दिए। पहिलो चरणअन्तर्गत जग्गाको पश्चिमी र उत्तरी क्षेत्रमा रोहिणी खोलामा आउने बाढीबाट हुनसक्ने क्षति रोक्न 'ग्याबिन' र 'रिटेनिङ' पर्खाल लगाउने काम ८० प्रतिशत सम्पन्न भएका छन्।

निगमले तीनवटा ठेकेदारमार्फत गत जेठ १८ गतेदेखि भण्डारण गृहको जग्गा व्यवस्थापनका काम गरिरहेको छ। भण्डारण गृह निर्माणस्थलमा पर्खाल लगाउने र जमिन सम्याउने कार्य गत असार मसान्तभित्र सम्पन्न गर्ने लक्ष्य राखिए पनि लगातारको वर्षा र रोहिणी खोलमा आएको बाढीले केही समय ढिला भएको निगमको भनाइ छ।

"बर्खायाममा रोहिणी खोलामा पानीको सतह बढेको तथा ढुङ्गाको सहज उपलब्धता नहुँदा पहिलो प्याकेजमा केही ढिलाइ भएको हो", साइट इन्जिनियर अङ्कित रिमालले भने, "अन्य प्याकेजका काम अन्तिम चरणमा छन्, अबको एक महिनाभित्र पहिलो चरणका सबै काम सम्पन्न गर्ने लक्ष्यका साथ काम भइरहेको छ।" रोहिणी खोलाको समानान्तर छ मिटर अग्लो छ सय २० मिटर ग्याविन र जग्गाको उत्तरतर्फ चार दशमलव दुई मिटर अग्लो एक सय ५० मिटर लामो रिटेनिङ पर्खाल लगाइएको छ। भण्डारणस्थल प्रस्तावित जग्गालाई रोहिणी खोलामा आउने बाढीबाट सुरक्षित बनाउन परियोजनास्थलभन्दा माथि करिब एक सय ८० मिटर अर्को ग्याबिन पर्खालसमेत लगाइएको छ। रोहिणी खोलामा पछिल्लो ५० वर्षमा आएको बाढीको अवस्थालाई आकलन गरेर तटबन्ध निर्माण गरिएको निगमले जनाएको छ।

ग्याविन पर्खालका लागि छ र जग्गा पुर्नका लागि एक गरी सात वटा प्याकेजमा विभाजन गरेर ठेक्का लगाइएको थियो। सात वटा प्याकेज आठ करोडमा ठेक्का लागेको थियो। प्याकेज नं ७ अन्तर्गत जग्गा पुर्ने तथा सम्याउने कार्य लगभग सम्पन्न भएको छ।

प्याकेज नं ४, ५ र ६ मा ग्याबिन पर्खाल लगाउने काम सम्पन्न भइसकेका छन्। प्याजेक नं ३ अन्तर्गत करिब ७० प्रतिशत काम सकिएको छ। काठमाडौँस्थित शुभश्री सर्वश्री जेभीले पहिलो र दोस्रो, वीरगन्जस्थित उज्यालो निर्माण सेवाले तेस्रो तथा प्रिजन कन्ट्रक्सनले बाँकी चार वटा प्याकेजमा काम गरिरहेको छ।

अबको एक महिनाभित्र जग्गाको सुरक्षाका लागि पर्खाल लगाउने र सम्याउने काम सम्पन्न गरी 'कम्पाउण्ड' निर्माणको काम थालिने इन्जिनियर रिमालको भनाइ छ। रुपन्देहीको भलबारी डिपोको भण्डारण क्षमता न्यून तथा घनाबस्ती नजिक रहेकाले परासी-भैरहवा सडक खण्डमा खरिद गरिएको करिब १४ बिघा जग्गामा नयाँ भण्डारण गृह निर्माण गर्न लागिएको निगमले जनाएको छ।

उक्त भण्डारण निर्माण भएसँगै लुम्बिनी प्रदेशका लागि पेट्रोलियम पदार्थको आपूर्तिमा सहज हुने अपेक्षा गरिएको छ। सो भण्डारणले लुम्बिनी प्रदेशको २० दिनको माग धान्नेछ। निगमले पेट्रोलियम पदार्थको भण्डारण क्षमता अभिवृद्धिका लागि देशका विभिन्न स्थानमा नयाँ भण्डारण गृह निर्माण तथा क्षमता विस्तार गर्दै आइरहेको छ। रोहिणी क्षेत्रमा करिब रु तीन अर्ब लागतमा नयाँ भण्डारण गृह निर्माण गरिने परियोजना संयोजक यादवले जानकारी दिए। सो स्थानमा डिजेल भण्डारणका लागि २१०० किलोलिटर तीन, पेट्रोल भण्डारणका लागि १६०० किलोलिटर दुई र मट्टितेल भण्डारणका लागि ७० किलोलिटरका तीन वटा ट्याङ्क निर्माण गरिनेछ। भण्डारण निर्माण भएसँगै हालको भलबारी डिपो रोहिणी खोला किनारमा सर्नेछ। असोजभित्र परियोजनाको डिजाइन सम्पन्न हुने निगमले जनाएको छ। परियोजनाको डिजाइन काठमाडौं विश्वविद्यालयले गरिरहेको छ। आगामी मङ्सिरमा भण्डारण गृह निर्माणको शिलान्यास गर्ने र विसं २०८३ भित्र निर्माण सम्पन्न गर्ने लक्ष्य लिइएको छ। (रासस)

# नियमविपरीत सञ्चालित औषधी पसललाई कारबाही

नवलपरासी : पश्चिम नवलपरासीमा नियमविपरीत सञ्चालन भएका औषधी पसललाई प्रशासनले कारबाही गर्न थालेको छ। औषधी पसल दर्ताविनै सञ्चालन भएको गुनासो बढेपछि स्वास्थ्य कार्यालय, स्थानीय तह, जिल्ला प्रशासन, करदाता सेवा कार्यालयसहितको संयुक्त टोलीले अनुगमन गर्न थालेको हो।



अनुगमनका क्रममा सदरमुकामका दुई औषधी पसललाई जरिवाना गरिएको हो। जिल्लामा ६० भन्दा बढी औषधी पसल विनादर्ता सञ्चालनमा रहेको बताइएको छ। दर्ता भएर सञ्चालन भएका आधिकांश पसलले पनि अनुमति लिएको भन्दा फरक कारोबार गर्ने गरेका पाइएको अनुगमन टोलीले जनाएको छ। अनुगमनमा क्रममा बुद्धचोकमा सञ्चालनमा रहेको समिता मेडिकल र सन मेडिकल हल नियमविपरीत सञ्चालन भएको पाइएको स्वास्थ्य कार्यालयका प्रमुख ओमप्रकाश पन्थीले जानकारी बताए। फार्मेसी सञ्चालक उपस्थित नभई औषधी बिक्री गर्ने गरेको र बिलबिजक नराखेको समिता मेडिकललाई १० हजार रुपैयाँ जरिवाना गरिएको छ। त्यस्तै पसलमा फार्मेसीसँग सम्बन्धित व्यक्ति रहे पनि एक वर्षदेखि विदेशमा रहेका व्यक्तिको फार्मेसी सञ्चालन अनुमतिपत्र राखेर औषधी बिक्री गर्नुका साथै पान नम्बर नराखी पसल सञ्चालन गरेको भन्दै सन मेडिकल हललाई दुई हजार रुपैयाँ जरिवाना गरिएको छ। यसअघि दर्ताबिना सञ्चालन गरिएको उक्त पसललाई अनुगमन टोलीले सिल गरेको थियो।

जिल्ला औषधी व्यवसायी संघका अनुसार जिल्लामा २१० औषधी पसल रहेकामा ६० विनादर्ता सञ्चालनमा रहेको जानकारी आएकाले क्रमशः अनुगमन गरेर कानूनी दायरामा ल्याइने स्वास्थ्य कार्यालयले जनाएको छ। जिल्लामा १५० औषधी पसल औषधी विभागमा दर्ता भएर सञ्चालनमा छन्।

(रासस)

आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो।
ईन्द्रै विन्ती गरुन् झुकेर पदमा त्यो विन्ति मान्दैन त्यो।।

## हार्दिक श्रद्धाञ्जली



### स्व. निशान्त कर्ण

भैरहवा नमुना माध्यमिक विद्यालय,सिद्धार्थनगर-५, रुपन्देहीमा कार्यरत सहकर्मी मित्र तथा सूचना अधिकारी श्री सुनिल कुमार कर्णका सुपुत्र निशान्त कर्णको नर्विक अस्पताल काठमाडौंमा उपचारको क्रममा मिति २०८१ भाद्र १५ गतेका दिन भएको असामयिक निधनले हामी मर्माहत भएका छौं। शोकको यस दुःखद घडीमा परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रदान गर्न ईश्वरसँग प्राथना गर्दै मृतकको आत्माको चिर शान्तिको कामना सहित हार्दिक समवेदना प्रकट गर्दछौं।

चुन्न प्रसाद पाण्डे
प्रधानाध्यापक

(एवम्)

आनन्द प्रसाद गुप्ता
अध्यक्ष

**भैरहवा नमुना माध्यमिक विद्यालय परिवार**
सिद्धार्थनगर-५, रूपन्देही

# सक्षम सहाराद्वारा तीज विशेष कार्यक्रम

गौतमबुद्ध सन्देश

भैरहवा, १७ भदौ।

सक्षम सहारा बहुउद्देश्यीय महिला समूह सिद्धार्थनगर नगरपालिका-६ किशोरपुर, भैरहवाले शुभकामना आदानप्रदान तथा तीज विशेष कार्यक्रम एवं मानव बेचबिखन तथा ओसारपसारविरुद्ध अन्तरक्रिया कार्यक्रम गरेको छ। महिला दिदीबहिनीहरुको विशेष पर्व हरितालिका तीजको अवसरमा भैरहवामा कार्यक्रम गरिएको समूहका अध्यक्ष शान्ता कंडेलले बताइन्।



कार्यक्रममा बोल्दै प्रमुख अतिथि सिद्धार्थनगर नगरपालिका-३ का वडाअध्यक्ष नारायण प्रसाद उपाध्यायले सक्षम सहारा बहुउद्देश्यीय महिला समूहले रचनात्मक कार्य गर्दै आएको बताए। उनले आगामी दिनमा पनि रचनात्मक कार्यहरुलाई निरन्तरता दिन आग्रह गरे। माइती नेपाल आवधिक गृह भैरहवाका कार्यक्रम संयोजक माया क्षेत्री, नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कुन) सञ्चालक समिति सदस्य ज्ञानु पौड्याल, लुम्बिनी प्रेस क्लब रुपन्देहीको अध्यक्ष सम्झना शर्मा, श्री दुर्गा सामुदायिक सेवा (केन्द्र) सिद्धार्थनगर ३, ५ र ६ का अध्यक्ष अजय कुमार गुप्ताको विशिष्ट आतिथ्यता, चेम्बर अफ कमर्स (उद्योग व्यापार संगठन) रुपन्देहीका उद्योग उपाध्यक्ष मधुसुदन अर्याल, सिद्धार्थनगर-६ को वडा सदस्य सुनिता धोवी (रजक), समाजसेवी रमा शर्मा, ठाकुर प्रसाद गुरौ लगायतको आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो।

कार्यक्रममा बोल्ने वक्ताहरुले संस्कृतिको संरक्षणमा चाडपर्वको महत्वपूर्ण भूमिका रहेको बताए।

सक्षम सहारा बहुउद्देश्यीय महिला समूहका सचिव लाजिना देवकोटाको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।


















क.र.दर्ता नं. १४५१६७/०७२/७३
रुपन्देही जि.ह.दर्ता नं. १२/०७१/७२

# ज्येष्ठ नागरिकलाई कास्की जिल्ला प्रशासनमा द्रुत सेवा

१७ भदौ, कास्की । जिल्ला प्रशासन कार्यालयको हाताभित्र ज्येष्ठ नागरिक विश्रामकक्ष र स्वास्थ्य सहायता केन्द्रको सोमबारदेखि सञ्चालनमा ल्याइएको छ । कार्यालयमा सेवा लिन आउने ज्येष्ठ नागरिकलाई सहजताका लागि विश्रामकक्षमा नै पुगेर सेवा प्रदान गर्नेगरी कक्ष स्थापना गरी सञ्चालनमा ल्याइएको प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले बताए ।

प्रशासनमा नेपाली नागरिकताको प्रमाणपत्र, राहदानी, राष्ट्रिय परिचयपत्रलगायत सेवा लिनका लागि दैनिक ५० देखि ६० जना ज्येष्ठ नागरिक आउने जनाइएको छ । प्रशासनले ज्येष्ठ नागरिकलाई लामो समय लाइनमा बस्नु नपर्नेगरी सेवा दिनका लागि 'डेडिकेटेड लाइन'को व्यवस्था गरिने प्रजिअ पाण्डेले बताए ।

स्वास्थ्य सहायता केन्द्रमा स्वास्थ्यकर्मीबाट उच्च रक्तचाप जाँच, तापक्रम जाँच, बेडको सुविधा तथा आवश्यक औषधि निःशुल्क प्रदान गरिनेछ । उनका अनुसार सेवा लिन पुग्ने ज्येष्ठ नागरिकको परीक्षणसहित स्वास्थ्यसम्बन्धी आवश्यक परामर्श सेवा उपलब्ध गराइनेछ । 'हामी ज्येष्ठ नागरिकलाई विश्रामकक्षसहित डेडिकेटेड लाइनबाट द्रुत सेवा दिनेछौँ । उहाँहरूको सामान्य स्वास्थ्य जाँचको समेत व्यवस्था गरेका छौँ । ज्येष्ठ नारिकले लाइनमा नबसिकन नै सेवा पाउनुहुनेछ', पाण्डेले भने ।

जिल्लास्थित आम नागरिक तथा ज्येष्ठ नागरिकको प्रत्यक्ष सरोकार रहने कार्यालयमा समेत ज्येष्ठ नागरिक विश्रामकक्ष स्थापना गर्ने कार्यको अनुशरण हुने विश्वास प्रमुख जिल्ला अधिकारी पाण्डेले व्यक्त गरे । ज्येष्ठ नागरिक विश्रामकक्ष र स्वास्थ्य सहायता केन्द्रको उद्घाटन गर्दै गण्डकी प्रदेशका सामाजिक विकास तथा स्वास्थ्यमन्त्री विन्दुकुमार थापाले ज्येष्ठ नागरिकमैत्री कार्यको प्रशंसा गर्दै सञ्चालित कार्यको निरन्तरताको अपेक्षा गरे ।

'ज्येष्ठ नागरिक तथा आम नागरिकको प्रत्यक्ष सरोकार रहने कार्यालयमा विश्रामकक्ष र स्वास्थ्य सहायता केन्द्र सञ्चालनमा आउनु सकारात्मक रहेको छ', उनले भने, 'यसको अन्य कार्यालयले समेत अनुशरण गर्नुपर्दछ ।'

नागरिकलाई विश्रामकक्ष र स्वास्थ्य सहायता केन्द्रसहितको व्यवस्थाले सेवा प्रवाहमा सहजता ल्याउने विश्वास गरिएको छ ।(रासस)

## विजयनगरमा निःशुल्क सुरक्षित गर्भपतन

# साढे १३ महिनामा ३५ जनाले लिए सेवा

**घनश्याम भर**
(विजयनगर) कपिलवस्तु ।




कपिलवस्तुको विजयनगर गाउँपालिकामा निःशुल्क सुरक्षित गर्भपतन सेवा सुरु भएको छ । गाउँपालिकाको वडा नम्बर ३ पत्थरदेइया स्वास्थ्य चौकीमा निःशुल्क सुरक्षित गर्भपतन सेवा सुरु गरिएको हो । स्वास्थ्य चौकीमा गत वर्षदेखि निःशुल्क सुरक्षित गर्भपतन सेवा सञ्चालन भएको छ । अनिच्छित गर्भका लागि पालिका बाहिरका स्वास्थ्य संस्थाहरुमा सुरक्षित गर्भपतन गराउन ४५ सय रुपैयाँ तिर्ने गरेका थिए ।

पत्थरदेइया स्वास्थ्य चौकीमा निःशुल्क सुरक्षित गर्भपतन सेवा सुरु भएपछि अनिच्छित गर्भपतन गराउने सेवाग्राहीको संख्या बढिरहेको स्वास्थ्य चौकीका इन्चार्ज बिरेन्द्र कुमार चौधरीले जानकारी दिए । आर्थिक वर्ष २०८०/२०८१ को स्वास्थ्य सेवा कार्यक्रमको समिक्षामा चौधरीले यस्तो बताएका हुन् ।

सुरक्षित गर्भपतन सेवाले गाउँघरका महिलाहरुले लुकिछिपी असुरक्षित गर्भपतन गराउने समस्या हट्ने उनले बताए । उच्च रक्तश्रावका कारण ज्यानकै खतरा हुने र अनियन्त्रित रक्तश्रावले रक्तअल्पता हुने जस्तो अवस्थाको सुरक्षित गर्भपतन सेवाले सुधार हुने उनको भनाइ छ । स्वास्थ्य चौकीका इन्चार्ज चौधरीका अनुसार गत आर्थिक वर्ष २०८०/०८१ मा ३० जना सेवाग्राहीले निःशुल्क सुरक्षित गर्भपतन सेवा लिएका छन् । चालु आर्थिक २०८१/०८२ को भदौं १६ गतेभित्रै ५ जनाले सुरक्षित गर्भपतन सेवा लिएका छन् । गर्भपतन सेवा सुरु भएपछि असुरक्षित गर्भपतनले हुने जोखिम घट्ने छन् । १० साताभन्दा कमको गर्भलाई पत्थरदेइया स्वास्थ्य चौकीबाट निःशुल्क सुरक्षित गर्भपतन सेवा उपलब्ध गराइएको छ ।

सुरक्षित गर्भपतन गराउन पालिका बाहिर र छिमेकी मुलुक भारतका विभिन्न स्वास्थ्य संस्थामा जाने बाध्यता हटेको छ । अब गाउँघरकै स्वास्थ्य चौकीमा सेवा पाउँदा महिलालाई सहज र सुरक्षित भएको चौधरीले बताए । तालिम प्राप्त, दक्ष स्वास्थ्यकर्मीहरुलाई सुरक्षित गर्भपतन सेवामा खटाइएका छन् । गाउँपालिका अध्यक्ष गोपाल बहादुर थापाले सुरक्षित गर्भपतनको बारेमा जानकारी नहुँदा असुरक्षित गर्भपतनले अकालमै ज्यान जाने खतराबाट मुक्त गराउन सबैले यो सेवालाई जनस्तरसम्म प्रभावकारी बनाउन आग्रह गरेका छन् ।

धेरै महिलाले महँगो शुल्क तिरेर निजी औषधी पसल तथा क्लिनिकबाट औषधी खाएर अपूर्ण गर्भपतन गराउने समस्यालाई समाधान गर्न सबैले सचेत हुनुपर्नेमा उनले बताए । सुरक्षित गर्भपतन गर्ने सूचीकृत स्वास्थ्य संस्थाबाट मात्र गर्भपतन सेवा लिई ज्यानै जाने खतरा, रक्तअल्पता जस्तो जोखिमबाट जोगिनुपर्नेमा अध्यक्ष थापाले जोड दिए ।

# दुग्ध विकास संस्थानमा शर्तसहित ६० करोड ऋण लगानी गर्ने सहमति

**गौतमबुद्ध सन्देश**
काठमाडौं, १७ भदौ ।

अर्थ मन्त्रालयले निश्चित शर्तसहित दुग्ध विकास संस्थानमा ६० करोड रुपैयाँ ऋण लगानी गर्ने गरी मन्त्रिपरिषद्मा प्रस्ताव पेश गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई सहमति दिएको छ । दुग्ध विकास संस्थानले यो रकम तत्कालका लागि किसानहरुलाई दुधको बाँकी रकम भुक्तानीमा प्रयोग गर्न सक्नेछ ।

चालु आर्थिक वर्षका लागि दुग्ध विकास संस्थानको नाममा ऋण लगानी अन्तर्गत १ करोड रुपैयाँ बजेट व्यवस्था भएकोमा कृषि मन्त्रालयमा विनियोजित रकमबाट थप ५९ करोड रुपैयाँ रकमान्तर गरी कूल ६० करोड ऋण लगानी गर्ने गरी मन्त्रिपरिषमा प्रस्ताव पेश गर्न सहमति दिइएको हो ।

यस सम्बन्धी प्रस्ताव मन्त्रिपरिषद्बाट स्वीकृत भएपछि सरकारले संस्थानमा ऋणको रुपमा लगानी गर्नेछ । दुध विकास संस्थानबाट दुधको भुक्तानी नपाएको भन्दै किसानहरुले भुक्तानीका लागि माग गर्दै आएका छन् । किसानलाई दुधको बाँकी रकम भुक्तानी गर्ने विषयमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु प्रसाद पौडेल, कृषिमन्त्री रामनाथ अधिकारी, दुध विकास संस्थानका अधिकारीबीच पटकपटक छलफल भएको थियो ।

# बसडिलवा शिव मन्दिरमा शिव पुराण महायज्ञ हुने



**गौतमबुद्ध सन्देश**
भैरहवा, १७ भदौ ।

रुपन्देहीको सिद्धार्थनगर नगरपालिका वडा नम्बर ८ बसडिलवास्थित शिव मन्दिरमा शिव पुराण महायज्ञ हुने भएको छ । ऐतिहासिक शिव मन्दिरको पुर्निर्माण, सुन्दरीकरण तथा धार्मिक पर्यटनको गन्तव्यको रुपमा विकास गर्ने उद्देश्यले मन्दिर सञ्चालक समिति र सनातनी युवा मञ्चबीचको समझदारी अनुसार मन्दिर परिसरमा महायज्ञ हुने भएको हो ।

आगामी कार्तिक ५ देखि १५ गतेसम्म हुने महायज्ञका लागि मन्दिर सञ्चालक समितिका अध्यक्ष पशुपति न्यौपानेको अध्यक्षतामा मूल समारोह समिति गठन गरिएको छ । त्यस्तै विभिन्न १२ वटा उपसमितिसहित उपसमितिको संयोजक तोकिएको छ ।

धर्मको प्रचारप्रसार तथा धर्मप्रति आस्था जगाउने, धर्मको पथमा लाग्न प्रेरित गर्ने, जुवातास, लागूऔषध दुर्व्यसनी जस्ता कुलतमा लागेको युवाहरुलाई सत्मार्गमा लाग्न प्ररित गर्ने उद्देश्यले शिव पुराण महायज्ञ सञ्चालन गर्न लागिएको शिव मन्दिर सञ्चालक समितिले जनाएको छ ।

## सिद्धार्थनगरमा...

सिद्धार्थनगर क्षेत्रमा संचालन भएका अटो, टेम्पो तथा इ-रिक्साको संख्या आधिकारिक रुपमा यकिन छैन । दर्ता भएका भन्दा बिना दर्ता र गैरनेपाली व्यवसायीले संचालन गरेका धेरै भएकाले संचालन प्रक्रिया अव्यवस्थित भएको गुनासो स्वयम् व्यवसायी र चालकले गर्दै आएका थिए ।

नगरमा आधिकारिक रुपमा दर्ता भएका अटो, टेम्पो तथा इ-रिक्साको संख्या १ सय ८४ वटा मात्र छन् । तर, नगर क्षेत्रमा कम्तिमा १ हजार ५ सय अटो, टेम्पो तथा इ-रिक्सा संचालनमा रहेको र जथाभावी रुपमा संचालन गर्दिदा अनियन्त्रित र अव्यवस्थित भएको गुनासो बढिरहेको थियो ।

बैठकमा अटो टेम्पो तथा इ-रिक्सा मुख्य सडक बाहेक सर्भिस लेन र नगरका भित्री सडकमा संचालन गर्नुपर्ने, नगरपालिकामा दर्ता भएपछि रुट इजाजत लिनु पर्ने, निर्धारित भाडादर भन्दा धेरै लिन नपाइने, तोकिएको पार्किङ स्थलमा मात्र पार्किङ गरि जथाभावी राख्न नपाइने, नगरपालिकामा दर्ता भएको संकेत सवारी साधनको अग्र भागमा राख्नु पर्ने र ५ सदस्यीय अनुगमन टोली रहने निर्णय बैठकले गरेको छ ।

सोमवार गरिएका उक्त निर्णय अनुरुप २१ दिनपछि पूर्णरुपमा कार्यान्वयमा ल्याएर अटो, टेम्पो, तथा इ-रिक्सा संचालन गरिनु पर्ने र त्यसपछि अनुगमन अभियान संचालन गरि नियम नमान्नेलाई कारवाही थालिने जनाइएको छ ।

नगर प्रमुख इश्तियाक अहमद खाँले सहमती कार्यान्वयन गर्न सबैलाई आग्रह गरे । 'सहमती कार्यान्वयन हुँदा नगरी व्यवस्थित बन्छ भने नियम पलना गर्ने चालक र व्यवसायी लाभान्वित हुन्छन्', उनले भने, 'इमानदारीपूर्वक नगरले बनाएको नियम पालना गर्नुपर्छ । यसको कडाइसाथ लागू गरिने छ ।' उपप्रमुख उमा अधिकारी, प्रदेश ट्राफिक कार्यालयका प्रमुख एसपी श्यामबहादुर खत्री, जिल्ला ट्राफिक प्रमुख बजिरसिंह विष्ट लगायतले यो सहमती पछि नगरपालिकाले कार्यविधि संशोधनसहित निर्णय कार्यान्वयनमा लैजाने बताए । उनीहरुले त्यसपछि नगर प्रहरी र ट्राफिकले नियम कार्यान्वयनका लागि कडाई गर्ने जनाए । नेपाल अटो, टेम्पो तथा इ-रिक्सा चालक संघ, रुपन्देहीका अध्यक्ष श्रवणकुमार हरिजनले दर्ता भए संचालित सवारीलाई विनादर्ता संचालितले समस्या पार्ने गरेको बताए । 'केहीले नियम मान्ने, केहीले नमान्ने', उनले भने, 'नियम नमान्नेलाई कारबाही नहुँदा बेथिति मौलाएको हो । आजको सहमती कार्यविधिमा समेटियोस् र कार्यान्वयन होस् ।'


## सुनवल नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
सुनवल, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

मिति: २०८१/०५/१८

### सहकारी एकिकरणको प्रस्तावमा सरोकार, गुनासो वा उजुरीको निवेदन आव्हान गरिएको सूचना

यस सुनवल नगरपालिकाको नियमन क्षेत्राधिकारमा पर्ने देहायको संस्थाको तर्फबाट एकिकरण गर्न यस कार्यालयमा दरखास्त दर्ता हुन आएको छ । सहकारी ऐन २०७४, सुनवल नगरपालिकाको सहकारी ऐन, २०७५ र संस्था एकीकरण सम्बन्धी कार्यविधी, २०७५ का व्यवस्था, सर्वमान्य सिद्धान्त, मूल्य, मान्यता वा आमसदस्यहरुको हित संरक्षणका दृष्टिकोणबाट प्राप्त दरखास्त बमोजिम एकिकरण स्वीकृती गर्नु नपर्नाको कारण भए वा तत्सम्बन्धमा सम्बन्धित सहकारी संस्थाका सदस्य वा सरोकारवाला कसैले कुनै सरोकार, गुनासो वा उजुरी भए यो सूचनाका मितिले (१५) पन्ध्र दिन भित्र (अर्थात मिति २०८१।०६।०१ गते) कार्यालय समय सिमाभित्र यस कार्यालयमा आइपुग्ने गरी निवेदन दिनुहुन आव्हान गरिन्छ । म्याद गुज्री प्राप्त भएको निवेदन उपर कारबाही नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपशिल**

| क्र.स. | दरखास्तवाला सहकारी संस्थाहरु | दरखास्तको बिषय | प्रस्तावको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|
| १ | श्री कृषक जनशक्ति बहुउदेशीय सहकारी संस्था लि. सुनवल १३<br>श्री भैरबी कृषी सहकारी संस्था लि. सुनवल १३ | संस्था एकिकरण सम्बन्धमा | -एकिकरण पछिको सहकारी संस्थाको नाम "संकल्पब हुउदेशीय सहकारी संस्था लि" हुनेछ ।<br>-संस्थाको विनियम श्री कृषक जनशक्ति बहुउदेशीय सहकारी संस्था लि को विनियम स्वीकार गरिनेछ ।<br>-अन्य व्यवस्था सम्झौता पत्र र एकिकरण कार्यविधि बमोजिम हुनेछ । | |

*प्रमुख प्रशासकीय अधिकृत*


गौतमबुद्ध मिडिया प्रा.लि. द्वारा प्रकाशित गौतमबुद्ध सन्देश दैनिकका लागि अध्यक्ष : खिम बहादुर खत्री, प्रबन्ध सम्पादक : बिष्णु प्रसाद भट्टराई, सम्पादक : कुलमणि ज्ञवाली, सह–सम्पादक : रबिन्द्र प्रताप गुप्ता
प्रधान कार्यालय : सि.न.पा.-७ भैरहवा, रूपन्देही, फोन नं.:९८५७०२१६२२, Email: gbsnews7@gmail.com (समाचार), gbsadd2018@gmail.com(विज्ञापन) मुद्रण : रुरु प्रिन्टिङ प्रेस, बुटवल